**प्रस्तावना**

एचआईभी (HIV) संक्रमित व्यक्तिहरू (PLHIV) सामाजिक लान्छना, विभेद, हेरविचारको अभाव, स्वास्थ्य सेवाबाट बहिष्करण, शिक्षा, रोजगार तथा सामाजिक सहभागिताबाट वञ्चित हुने अवस्थाको सामना गर्दै आएका छन्। यस किसिमको लान्छना र भेदभावले उनीहरूको मानसिक स्वास्थ्य, जीवनस्तर र सम्मानजनक जीवनयापनको अधिकारमाथि प्रत्यक्ष असर पुऱ्याइरहेको छ।

नेपालको संविधान, २०७२ ले हरेक नागरिकलाई समानता, गरिमामय जीवन, स्वास्थ्य सेवा, सामाजिक सुरक्षा र बिना विभेद विकासमा सहभागी हुने अधिकार सुनिश्चित गरेको छ। साथै, नेपाल सरकारले एचआईभी र एड्स सम्बन्धी राष्ट्रिय नीति, रणनीति तथा अन्तर्राष्ट्रिय सन्धि–सम्झौता अनुरूप एचआईभी संक्रमितको अधिकार संरक्षण गर्न विभिन्न कानुनी तथा नीतिगत प्रबन्धहरू गरिरहेको छ।

यस सन्दर्भमा, प्यूठान नगरपालिकाले स्थानीय तहको संवैधानिक भूमिकालाई आत्मसात् गर्दै एचआईभी संक्रमित व्यक्तिहरूको गरिमा, अधिकार, सामाजिक समावेशिता र आर्थिक सशक्तीकरण सुनिश्चित गर्न "एचआईभी संक्रमितलाई समानता, मानव अधिकारको संरक्षण र जीविकोपार्जन सहयोगलाई व्यवस्थित गर्ने कार्यविधी २०८२" तयार पारिएको छ ।

यस कार्यविधिले PLHIV का लागि गैर–भेदभावपूर्ण सेवा पहुँचन, कानुनी सुरक्षा, सामाजिक समर्थन, स्वास्थ्य उपचार, शिक्षा, सीप विकास, स्वरोजगार तथा सामाजिक पुनःस्थापनाका उपायहरू सुनिश्चित गर्दै सामाजिक न्याय, समावेशिता र मानवअधिकारको प्रवर्द्धन गर्ने लक्ष्य लिएको छ।

## परिच्छेद १

**१. संक्षिप्त नामः**

यो कार्यविधिको नाम "एचआईभी संक्रमितलाई समानता, मानव अधिकारको संरक्षण र जीविकोपार्जन सहयोगलाई व्यवस्थित गर्ने कार्यविधी २०८२"  हुनेछ ।

**२. प्रारम्भः**

यो कार्यविधि प्यूठान नगरपालिकाको नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

**३. परिभाषा:**

यस कार्यविधिमा, प्रसङ्ग वा सन्दर्भले अर्को अर्थ नलागे सम्म, प्रयोग गरिएका शब्दावलीको अर्थ यस प्रकार बुझिनेछ:-

**(१)“कार्यविधि”** भन्नाले " एचआईभी संक्रमितलाई समानता, मानव अधिकारको संरक्षण र जीविकोपार्जन सहयोगलाई व्यवस्थित गर्ने कार्यविधी २०८२" भन्ने बुझिन्छ।

(२) **“पालिका”** भन्नाले प्यूठान नगरपालिका भन्ने बुझिन्छ।

(३) **“एचआईभी संक्रमित व्यक्ति”** भन्नाले मानव शरीरमा एचआईभी भाइरस रहेको पुष्टि भएका व्यक्ति भन्ने बुझिन्छ।

(४) **“एड्स”** भन्नाले एचआईभी संक्रमणको अन्तिम अवस्था जसमा प्रतिरक्षा प्रणाली कमजोर भएर विभिन्न संक्रमण तथा रोगको जोखिम बढ्ने अवस्था भन्ने बुझिन्छ।

(५) **“भेदभाव”** भन्नाले एचआईभी संक्रमित वा प्रभावित व्यक्तिलाई सामाजिक, शैक्षिक, रोजगारी, स्वास्थ्य सेवा, सार्वजनिक सेवा वा अन्य कुनै आधारमा विभेद, अपमान, अस्वीकृति, बहिष्कार वा अनुचित व्यवहार गर्नु भन्ने बुझिन्छ।

(६) **“लान्छना”** भन्नाले एचआईभी संक्रमणलाई लिएर व्यक्तिगत, पारिवारिक वा सामाजिक रूपमै कुनै व्यक्तिलाई अपमान, हेपाहा, आरोप वा घृणा गर्नु भन्ने बुझिन्छ।

(७) **“मानव अधिकार”** भन्नाले नेपाल सरकारद्वारा स्वीकार गरिएका संवैधानिक तथा अन्तर्राष्ट्रिय मानव अधिकारको मापदण्ड अनुसारको हक र स्वतन्त्रता भन्ने बुझिन्छ।

(८) **“जीविकोपार्जन सहयोग”** भन्नाले एचआईभी संक्रमित वा प्रभावित व्यक्तिहरूको पोषण, आय आर्जन, सीप विकास, स्वरोजगार, उद्यमशीलता तथा सामाजिक सुरक्षासम्बन्धी सहयोग भन्ने बुझिन्छ।

(९) **“प्रभावित व्यक्ति”** भन्नाले एचआईभी संक्रमित व्यक्तिको पति/पत्नी, बालबालिका, अभिभावक, परिवारका सदस्य, आश्रित वा अन्य नजिकका व्यक्ति जसको जीवनमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा असर परेको छ भन्ने बुझिन्छ।

(१०) **“संबन्धित पक्ष”** भन्नाले सरकारी, गैर-सरकारी संस्था, समुदायिक संस्था, स्वास्थ्य संस्था, नागरिक समाजका प्रतिनिधि वा सरोकारवाला पक्षहरू भन्ने बुझिन्छ।

## परिच्छेद २

### ४. कार्यविधिको उद्देश्य

यस कार्यविधिको उद्देश्य निम्नानुसार रहेका छन् ।

(१) एचआईभी संक्रमित तथा प्रभावित व्यक्तिहरू माथि हुने लान्छना र भेदभाव अन्त्य गर्न पालिका तहबाट प्रभावकारी नीति, कार्यक्रम र संरचनात्मक उपायहरू लागू गर्नु।

(२) एचआईभी संक्रमित व्यक्तिहरूका मानव अधिकारको संरक्षण र प्रवर्द्धन गर्न, विशेषतः स्वास्थ्य, शिक्षा, रोजगारी, आवास, सेवा पहुँच र सामाजिक सुरक्षाको सुनिश्चितता गर्नु।

(३) एचआईभी संक्रमित तथा प्रभावित व्यक्तिहरूको सामाजिक पुनःस्थापना र आत्मसम्मानसहितको जीवनयापनमा सहयोग पुर्‍याउने वातावरण निर्माण गर्नु।

(४) जीविकोपार्जनका लागि आवश्यक सहयोग उपलब्ध गराई आत्मनिर्भरता अभिवृद्धि गर्न, सीप विकास, स्वरोजगार, उद्यमशीलता प्रवर्द्धन तथा वित्तीय पहुँच सुनिश्चित गर्नु।

(५) गोपनीयता, समानता र सहभागिताको सिद्धान्तमा आधारित सेवा प्रवाहलाई सुदृढ बनाउनु, ताकि संक्रमित तथा प्रभावित व्यक्तिहरूले निष्पक्ष र गरिमापूर्ण व्यवहार प्राप्त गर्न सकून्।

(६) समुदायस्तरमा चेतना अभिवृद्धि तथा व्यवहार परिवर्तन गर्न सार्वजनिक, निजी र गैरसरकारी क्षेत्रको समन्वयमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नु।

(७) एचआईभी संक्रमण तथा भेदभाव विरुद्धका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दायित्वहरूप्रति प्रतिबद्धता जनाउनु, र तिनको प्रभावकारी कार्यान्वयनमा स्थानीय सरकारको भूमिका स्पष्ट गर्नु।

## ५. कार्यविधि अन्तर्गत रहेका प्राथमिक क्षेत्रहरू

यस कार्यविधिले एचआईभी संक्रमित तथा प्रभावित व्यक्तिहरूलाई तल उल्लेखित सहयोगहरू उपलब्ध गराउनेछ:

**(१) मानव अधिकार र स्वास्थ्य अधिकारको संरक्षण:**

प्यूठान नगरपालिकाले एचआईभी संक्रमित र प्रभावित समुदायको मानव अधिकार तथा स्वास्थ्य अधिकारलाई उच्च प्राथमिकतामा राख्दै योजना, बजेट विनियोजन र कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्नेछ।

**(२) सीप विकास र आयमूलक तालिम:**

नगरपालिका भित्र रहेका संक्रमित तथा प्रभावित समुदायका लागि सीपमूलक र आयमूलक तालिम सञ्चालन गरिनेछ। साथै, व्यवसाय सुरु गर्न आवश्यक बीउ र पूँजी उपलब्ध गराइनेछ।

**(३) बालबालिकाको पोषण, स्वास्थ्य र शिक्षा सहयोग:**

संक्रमित तथा अत्यन्त प्रभावित बालबालिकालाई पोषण, स्वास्थ्य सेवा र शैक्षिक सहायता तथा छात्रवृति प्रदान गरिनेछ।

**(४) एम्बुलेन्स भाडा तथा उपचार सहयोग:**

एचआईभी संक्रमित व्यक्तिहरूलाई आवश्यक पर्ने एम्बुलेन्स सेवा भाडा र उपचारमा आर्थिक सहयोग उपलब्ध गराइनेछ।

**(५) जनचेतना, अभिमुखिकरण र आयमूलक कार्यक्रम:**

एचआईभी सम्बन्धी विभिन्न जनचेतना कार्यक्रम, अभिमुखिकरण तालिम तथा आयमूलक कार्यक्रमहरू संचालन गरिनेछ। साथै, व्यवसाय सुरु गर्न आवश्यक बीउ पूँजीका लागि अनुदान प्रदान गरिनेछ।

**(६) उच्च शिक्षाको पहुँच:**

संक्रमित तथा प्रभावित युवाहरूको उच्च शिक्षाका लागि नगरपालिकाले अन्य सरकारी तथा गैर-सरकारी निकायहरूसँग समन्वय गरी सहकार्य गर्नेछ।

**(७) विशेष आवश्यकताहरूको सम्बोधन:**

विभिन्न विशेष परिस्थितिबाट उत्पन्न आवश्यकताहरूको आधारमा थप कार्यक्रम निर्धारण गरी लागू गरिनेछ।

**(८) शैक्षिक छात्रवृति र आवासीय व्यवस्थापन:**

नगरपालिकाले संचालन गरेका वा संचालन गर्ने शैक्षिक छात्रवृति, आवासीय छात्रवास व्यवस्था अन्तर्गत एचआईभी संक्रमित बालबालिकालाई समेत समावेश गरिनेछ।

**(९) आवासीय छात्रवृत्ति कार्यक्रम कार्यान्वयन:**

शिक्षा शाखाको माध्यमबाट संचालन हुने एचआईभी संक्रमित तथा प्रभावित बालबालिकाको आवासीय छात्रवृत्ति सम्बन्धी व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

## परिच्छेद ३

### ६. कार्यक्रम संचालन तथा व्यवस्थापन प्रकृया

**(१) एचआईभी संक्रमित बालबालिकालाई पोषण, शिक्षा र स्वास्थ्य सहयोगः**

प्यूठान नगरपालिका भित्र बसोवास गर्ने १८ वर्ष मुनिका एचआईभी संक्रमित तथा अति प्रभावित बालबालिकालाई पोषण, शिक्षा र स्वास्थ्य क्षेत्रमा सुधार ल्याउन कार्यक्रम सञ्चालन गरिनेछ। यसका लागि मासिक रूपमा तोकिएको नगद अनुदान प्रदान गरिनेछ।

**(२) एम्बुलेन्स भाडा, यातायात तथा उपचार सहयोगः**

एचआईभी संक्रमितलाई उपचारका लागि स्थानीय तहमा सेवा नपुगेका अवस्थामा अस्पतालले अन्यत्र रिफर गर्दा वा अत्यावश्यक अवस्थामा एम्बुलेन्स आवश्यक परेको खण्डमा अस्पतालसम्म आउने-जाने क्रममा बिल बमोजिमको एम्बुलेन्स भाडा उपलब्ध गराइनेछ। साथै, उपचार केन्द्रसम्म आउने-जानेमा लाग्ने वास्तविक स्थानीय यातायात भाडा समेत व्यवस्थापन गरिनेछ। स्वास्थ्य विमा र अस्पतालले व्यहोर्ने उपचार तथा ल्याब परीक्षण खर्च बाहेक अत्यावश्यक उपचार तथा ल्याब परीक्षण खर्च पालिकाले व्यवस्थापन गर्नेछ।

**(३) सीपमूलक र आयमूलक तालिमः**

नगरपालिका भित्र रहेका संक्रमित तथा प्रभावित समुदायका लागि आवश्यकतालाई पहिचान गरी सीपमूलक र आयमूलक तालिम सञ्चालन गरिनेछ। तालिम सम्पन्न भएपछि आयमूलक व्यवसाय सुरु गर्न आवश्यक बीउ र पूँजी उपलब्ध गराइनेछ।

**(४) संक्रमित तथा प्रभावित युवाहरूको उच्च शिक्षा कार्यक्रमः**

संक्रमित तथा प्रभावित युवाहरूको उच्च शिक्षाका लागि पालिकाले सम्बन्धित सरकारी र निजी कलेजहरू साथै अन्य संस्थाहरूसँग समन्वय गरी आवश्यक छात्रवृत्ति व्यवस्थापन गर्नेछ।

**(५) एचआईभी संक्रमितहरूको लागि पोषण सहयोगः**

नगरपालिका क्षेत्रभित्र बसोवास गर्ने एचआईभी संक्रमितहरूको गुणस्तरीय उपचारमा सहयोग पुर्याउन पोषण आवश्यक पर्ने हुनाले, नगरपालिकाले पोषण खाद्य सामग्री उपलब्ध गराउने व्यवस्था गर्नेछ वा निजलाइ बैंक खाता मार्फत भुक्तानिको व्यावस्थापन गर्ने छ । एचआईभी संक्रमितहरूलाई सामान्य व्यक्तिको तुलनामा दोब्बर पोषण आवश्यक पर्ने हुनाले, दैनिक रु ५० दरले वर्षभरि ३६५ दिनका लागि पोषणको व्यवस्था गरिनेछ।

***स्पष्टिकरण:*** *परिच्छेद ३ को दफा ५ को उपदफा (१), (२), (३), (४) र (५) मा उल्लेख भए बमोजिमको सुविधाका लागी दफा ६ को प्रकृया र दफा ७ अनुसार गठित एचआईभी तथा एड्स समन्वय समितिले अनुदानको नियमित सिफारिस, रुजु, प्रमाणिकरण, अनगमन तथा समीक्षा गर्नेछ।*

## परिच्छेद ४

### ७. अनुदान निकासा प्रकृया

एचआईभी संक्रमित व्यक्तिले नगरपालिकाको वार्षिक बजेट तथा कार्यक्रममा व्यवस्था अनुसार नगद वा बैंक मार्फत भुक्तानी प्राप्त गर्नका लागि निम्नानुसार प्रक्रिया पूरा गरी निवेदन पेश गर्नुपर्नेछ:

**(१) निवेदन पेश गर्ने:**नगरपालिकालाई स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत अनुदान प्राप्त गर्न इच्छुक व्यक्तिले लिखित निवेदन दिनुपर्नेछ।

**(२) आवश्यक कागजातहरू पेश गर्ने:**

निवेदनसंगै निम्न कागजातहरू अनिवार्य रूपमा संलग्न गरिनुपर्नेछ

क) प्यूठान नगरपालिकाको स्थायी बासिन्दा भएको प्रमाणपत्र

ख) एचआईभी संक्रमित भएको प्रमाणपत्र वा परीक्षण रिपोर्ट

ग) नियमित रूपमा एआरभी औषधि सेवन गरिरहेको सिफारिस पत्र

घ) वैध बैंक खाताको विवरण (खातावाहकको नाम, बैंक तथा खाता नम्बर सहित)

**(३) प्रक्रिया र समीक्षा:**

उक्त निवेदन तथा प्रमाणपत्रहरू दफा ७ अनुसार गठित समन्वय समितिले प्राप्त गरी जाँच, प्रमाणिकरण, सिफारिस र अनुमोदन गर्नेछ।

**(४) भुक्तानी:**

अनुमोदन पश्चात तोकिएको रकम सोही बैंक खातामा स्थानान्तरण गरिनेछ।

### ८. समन्वय समिति

**(१)** एचआईभी कार्यक्रम अन्तर्गत तोकिएका प्राथमिकताहरूको व्यवस्थापन, समन्वय र प्रभावकारी कार्यान्वयनको लागि प्यूठान नगरपालिका स्तरमा निम्न सदस्यीय "एच.आई.भी. तथा एड्स समन्वय समिति" स्थापना गरिनेछ:

| पद | जिम्मेवारी |
|---|---|
| नगरपालिकाका प्रमुख | संयोजक |
| नगरपालिकाका उपप्रमुख | सदस्य |
| प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| लेखा शाखा प्रमुख | सदस्य |
| शिक्षा शाखा प्रमुख | सदस्य |
| एच.आई.भी संक्रमितहरुको संस्थाको प्रतिनिधि वा कर्मचारी | सदस्य |
| स्वास्थ्य शाखा प्रमुख | सदस्य सचिव |

**(२) समितिको संरचना र कार्यविधि:**

क) समितिमा आवश्यक अनुसार विषय विज्ञहरूलाई आमन्त्रित गरिनेछ।

ख) समितिको बैठकहरू प्रत्येक ३ महिनामा एकपटक अनिवार्य रूपमा आयोजना गरिनेछ।

ग) आवश्यकता अनुसार सदस्य सचिवले बैठक आह्वान गर्न सक्नेछ।

घ) समितिले कार्यक्रमको प्रभावकारी समन्वय, अनुगमन तथा मूल्याङ्कन गरी एचआईभी संक्रमित तथा प्रभावित व्यक्तिहरूका लागि  लान्छना, भेदभाव विरुद्ध, मानव अधिकार संरक्षण तथा जीविकोपार्जनका बिषयमा व्यवस्था गर्नेछ।

## परिच्छेद ५

### ९. कार्यविधिको व्याख्या

यस कार्यविधिसम्बन्धमा कुनै विवाद, प्रश्न वा अस्पष्टताहरूको अन्तिम व्याख्या गर्ने अधिकार प्यूठान नगरकार्यपालिकामा निहित रहनेछ।

### १०. समन्वय र सहकार्य सुदृढ गर्ने

(१) यस कार्यविधिको प्रभावकारी कार्यान्वयनका लागि नगरपालिका भित्र रहेका सम्बन्धित सबै सरोकारवालाहरू, सरकारी निकाय, गैरसरकारी संस्था, समुदायका प्रतिनिधिहरू तथा अन्य सम्बद्ध पक्षहरू बीच समन्वय र सहकार्यलाई सुदृढ पारिनेछ।